# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

माडी नगरपालिका
२०८२

माडी नगरपालिकाको पन्ध्रौं नगरसभामा नगर उपप्रमुख श्री खेम प्रसाद महतोज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**सम्मानित नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु ,**

१. माडी नगरपालिकाको गौरवमय पन्धौं नगर सभामा आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गौरवान्वित भएको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिर्वतनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । राष्ट्रियता,स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि तथा संघीय शासन प्रणाली स्थापित गर्नका लागि संघर्ष गर्नुहुने महान् नेपाली र त्यसको सक्षम नेतृत्व गर्नुहुने राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

२. "**सम्पदा सम्पन्न माडी नगर, ईको कृषि र पर्यटनको सहर**" भन्ने मूल नारालाई आत्मसात् गरी यस नगरको समुन्नत विकासका लागि माडी नगरपालिका अग्रसर रहेको म सबै नगर सभा सदस्यज्यूहरुलाई विश्वास दिलाउन चाहन्छु ।नगरपालिकाको दोस्रो कार्यकालका रुपमा जनताबाट निर्वाचित भएर आएपश्चात हामीले तिन वर्षको अनुभव लिईसकेका छौं । विगतका वर्षहरुले सिकाएका पाठहरुलाई अङ्गीकार गर्दै थप उर्जाशील, संवेदनशील र संयमित भएर आगामी वर्षको बजेट तथा कार्यक्रम तयार गरिएको पनि म जानकारी गराउन चाहन्छु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान; स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरको नीति तथा कार्यक्रम संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु; नगरका विषयगत समितिका सुझावहरू; दिगो विकासको लक्ष्य वडाहरुबाट प्राप्त सुझावहरू विषय विज्ञका रायसुझाव तथा राजनीतिक दल, संघ—संस्था, नगरका सम्पूर्ण दिदीबहिनी तथा

दाजुभाईहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई मुख्य आधारको रूपमा लिइएको छ ।

४. अब म यस माडी नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ. व. २०८१।८२ को लागि कुल अनुमानित आय रु ९६ करोड ६७ लाख ८ हजार ३ सय ५९रूपैयाँ ३४ पैसा अनुमान गरिएकोमा आय तर्फ २०८२ आषाढ ९ गतेसम्म यस नगरले करिब रू. ७५ करोड १३लाख ६३ हजार ३ सय ९६ रुपैयाँ ८४ पैसा आम्दानी गर्न सफल भएको छ ।जुन प्रक्षेपित आम्दानीको ७७.७२ प्रतिशत हुन आउँछ।

५.व्ययतर्फ चालु शीर्षकमा रु ६४ करोड ५१ लाख ६६ हजार ४५ रुपैयाँ ६८ पैसा विनियोजन भएकोमा २०८२ आषाढ ९ गते सम्म रु ४१ करोड २६ लाख १४ हजार ६ सय ५२ रुपैयाँ ७६ पैसा अर्थात ६३ दशमलव ९५ प्रतिशत र पुँजीगत तर्फ रु ३२ करोड १५ लाख ४२ हजार ३ सय १३ रुपैयाँ ६६ पैसा विनियोजन भएकोमा १६ करोड ६९ लाख २ हजार ५ सय ५४ रुपैयाँ ७८ पैसा अर्थात ५१ दशमलव ९१ प्रतिशत गरी कुल खर्च जम्मा रु ५७ करोड ९५ लाख १७ हजार २ सय ७ रुपैयाँ ५४ पैसा रहेको छ जुन ५९ दशमलव ९४ प्रतिशत हो ।

६. अव म चालु आ.व.को संशोधित आयव्यय प्रस्तुत गर्न चाहन्छु ।हालसम्मको प्रगति हेर्दा आन्तरिक आय तर्फ अनुमान गरेको ५३.३२ प्रतिशत मात्र उठेकोले असार मसान्त सम्म आय अनुमानको करिब ५८ प्रतिशत रकम मात्र उठ्ने आँकलन गर्न सकिन्छ ।त्यसै गरी घर जग्गा रजिष्ट्रेशन तर्फ हालसम्म अनुमानित रकमको २९ प्रतिशत रकम मात्र मालपोत बाट प्राप्त भएको हुँदा असार मसान्त सम्म ४० प्रतिशतसम्म प्राप्त हुने संकेत देखिन्छ ।यसर्थ चालु आ.व.मा सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न हाल नगरपालिकाको स्रोतमा दबाव बढ्दै गएको छ । चालु आ.व.मा

गरिएको आय अनुमान यथार्थपरक हुन नसक्दा आगामी आर्थिक वर्षमा रु ५ करोड हारहारीको दायित्व सर्ने अनुमान गरेको छु

७. आगामी वर्ष २०८२।८३ को बजेटले आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा संस्थागत विकास एवम् वन, वातावरण तथा विपद व्यवस्थापनलाई मुख्य प्राथामिकतामा राखेको छ ।

८. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग समन्वय कायम गर्ने प्रयास गरिएको छ । उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न विकासका सहयात्री सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**सम्मानित नगर सभाका अध्यक्ष एवं सदस्यज्यूहरु,**

९. अब म माडी नगरपालिकाको आ.व. २०८२।८३ को कूल आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण प्रस्तुत गर्न चाहन्छु ।

१०. यस नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०८२।८३ को कूल व्यय रू. ९२करोड ६६ लाख ८८ हजार ५ सय ४९ रुपैया ९७ पैसा विनियोजन गरेको छु।

११. प्रक्षेपित बजेटका लागि संघीय सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँडबाट रु ६२ करोड ७८ लाख २२ हजार ३ सय ४ रुपैया अनुमान गरिएको छ।जस अन्तर्गत समानीकरण तर्फ रु १२ करोड ८३ लाख रुपैया, सशर्त अनुदान तर्फ ३२ करोड ११ लाख,, समपूरक अनुदान तर्फ रु ९० लाख ,विशेष अनुदान तर्फ १ करोड ९० लाख रुपैया ,तथा राजश्व बाँडफाँड तर्फ मूल्य अभिवृद्धि कर १० करोड २३ लाख १६ हजार ७ सय २८ रुपैया, अन्तः शुल्क ३ करोड ४१ लाख ५ हजार ५ सय ७६ रुपैया र वन रोयल्टी तर्फ १ करोड ४० लाख रुपैया अनुमान गरिएको छ भने प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँडबाट रु १६ करोड ४७ लाख २३ हजार १ सय ४० रुपैया २९ पैसा आम्दानी हुने अनुमान गरिएको छ ।जस अन्तर्गत समानीकरण अनुदान तर्फ रु १ करोड २७ लाख ३१ हजार, सशर्त अनुदान तर्फ रु ३ करोड ७७ लाख ५६ हजार , समपूरक अनुदान तर्फ रु २ करोड ४० लाख , विशेष अनुदान तर्फ रु ६५ लाख र राजश्व बाँडफाँड अन्तर्गत सवारी साधन कर तर्फ रु ५ करोड ७४ लाख २४हजार ३ सय ५४ रुपैया २९ पैसा तथा घर जग्गा रजिष्ट्रेशन वापत् मालपोत बाट प्राप्त हुने राजश्व रु २ करोड ६३ लाख ११ हजार ७ सय ८६ रुपैया अनुमान गरिएको छ । नगरको आन्तरिक आय रु १३ करोड ४१ लाख ४३ हजार १ सय ५ रुपैंया ६८ पैसा प्रक्षेपण गरिएको छ ।

१२. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।सीमित स्रोतका बिच असीमित आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यता भएकाले नगरवासीका सबै आवश्यकता पुरा गर्नु नगरका लागि चुनौतिपूर्ण भए पनि स्रोतको अधिकतम उपयोग गरी मुख्य प्राथमिकतामा रहेका योजनाहरुको समयमै कार्यान्वयन गरी विकासको आयाम कोर्न सकिने विश्वास दिलाउन चाहन्छु ।

१३. यस नगर भित्र रहेको सबै वडा कार्यालयहरुलाई विकास निर्माणमा सक्रिय सहभागिता गराउने र सम्बन्धित वडाबाट नै छनोट भएका योजनाहरुलाई सम्बोधन हुने गरी वडा नं १ का लागि १ करोड १० लाख वडा नं २, ३, ६ र ७ का लागि प्रति वडा १ करोड वडा नं ४ र ५ र ८ का लागि प्रति वडा ९० लाख र वडा नं ९ का लागि १ करोड ४५ लाख गरी कुल रकम रु ९ करोड २५लाख विनियोजन गरेको छु ।

१४. गुणस्तरीय शिक्षाः हाम्रो प्रतिबद्धता भन्ने मूल नारालाई आत्मसात् गर्दै शिक्षाको विकास दिगो विकासको आधारशिला हो गुणस्तरीय जनशक्ति उत्पादनका लागि शिक्षामा लगानी गर्नुपर्ने आवश्यकताको अनुशरण गर्दै शिक्षा तर्फ वित्तीय हस्तान्तरणको समेत गरी एकमुष्ट रु २८ करोड ४ लाख ८२ हजार विनियोजन गरेको छु ।सामुदायिक विद्यालयमा शिक्षण सहयोग अनुदान, दिवा खाजा कार्यक्रम, निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम, अङ्ग्रेजी गणित र विज्ञान शिक्षण सहयोग अनुदान ,विषय शिक्षक नेटवर्क,हनुमान झुलामा कार्यरत शिक्षकहरुलाई थप प्रोत्साहन,अतिविपन्न सीमान्तीकृत विद्यार्थीका लागि छात्रवृत्ति लगायतमा बजेट विनियोजन गरिएको छ ।नगर नमुना विद्यालय गुणस्तर सुधार कार्यक्रमका लागि नगरपालिकाको स्रोतबाट रु १५ लाख बजेट विनियोजन गरेको छु । माध्यमिक तहका लेखाका कर्मचारीहरुको गुनासोलाई सम्बोधन गर्दै थप प्रोत्साहनका लागि बजेट विनियोजन गरिएको छ । उच्च शिक्षा अध्ययन तथा विकासका लागि माडी क्याम्पस सञ्चालनार्थ आवश्यक बजेट विनियोजन गरेको छु । विद्यालयमा अध्ययनरत छात्रछात्राको प्रतिभा प्रस्फुटनका लागि नृत्य प्रतियोगिता,निबन्ध प्रतियोगिता, चित्रकला प्रतियोगिता ,सडक स्तरीय नाटक प्रदर्शन, हिज्जे प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न विशेष बजेटको व्यवस्था मिलाएको छु ।नगरस्तरीय खेलकुदको विकास तर्फ राष्ट्रपति रनिङ शिल्ड

प्रतियोगिताका लागि ७ लाख, नगरस्तरीय फुटबल ,भलिबल,क्रिकेट तथा म्याराथुन प्रतियोगिताका लागि ८ लाख बजेट विनियोजन गरेको छु । वडा नं ३ मा रहेको अधुरो बघौडा खेल मैदान स्तरोन्नतिका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।विद्यालयहरुको भौतिक संरचना सुदृढीकरण तर्फ दिवाकर स्मृति विद्यालय भवन निर्माणका लागि संघीय सरकार विशेष अनुदान मार्फत् रु १ करोड ९० लाख विनियोजन गरेको छु ।त्यसै संघीय नमुना माडी मा वि को भौतिक पूर्वाधार स्तरोन्नतिका लागि रु १ करोड बजेट विनियोजन गरिएको छ ।साथै सोमेश्वर मा वि माडी १ को भवन निर्माणका लागि रु ६५ लाख विनियोजन गरेको छु ।

१५. नगरपालिकाले दुधमा दिँदै आएको ४ रुपैयाँ प्रति लिटर अनुदानलाई निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।जसका लागि रु ५४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।नगर भेटेरीनरी अस्पतालको अधुरो संरचना निर्माणका लागि रु २० लाख बजेट विनियोजन गरेको छु । अस्पतालमा विशेषज्ञ सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन र कृषि तथा पशुपक्षी सेवा केन्द्रलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।भेटनरी अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने अत्यावश्यक औषधी खरिदका लागि नगरपालिकाको स्रोतबाट रु १४ लाख बजेट व्यवस्थापन गरेको छु ।पशुपालक किसानहरुको प्रोत्साहनका लागि फर्म सुधार तथा विस्तार कार्यक्रमका लागि रु १० लाख र पशुपन्छी तथा मत्स्य क्षेत्र यान्त्रिकीरणका लागि रु १० लाख विनियोजन गरेको छु ।प्रदेश सरकारको सशर्त अनुदान मार्फत् माछा प्रबर्धन कार्यक्रम वडा नं ६ मा रु १५ लाख ,बंगुरको बच्चा उत्पादन कार्यक्रम वडा नं ७ मा रु १० लाख बजेटको व्यवस्था मिलाएको छु ।त्यसै गरी संघीय सरकारको समन्वयमा आ व ०८२।८३ मा गाईभैसीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु २५ लाख बजेट विनियोजन गरेको छु ।त्यसैगरी

सेतो माडी अभियानलाई सफल पार्न दुग्ध संकलन तथा चिस्यान केन्द्र निर्माणका लागि रु ८० लाख बजेटको व्यवस्था गरेको छु ।पशुपालन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न नगरपालिकाबाट थप रु २० लाख बजेट विनियोजन गरेको छु ।समग्रमा नगरपालिकाको स्रोतबाट रु १ करोड २० लाख र संघीय तथा प्रदेश सरकारको समेत गरी पशुपन्छी विकासका लागि २ करोड ५३ लाख ८५ हजार बजेट विनियोजन गरेको छु ।

१६. नगरपालिकाले कृषिलाई उच्च प्राथमिकतामा राखेको छ।वित्तीय हस्तान्तरण सहित कृषि क्षेत्रको विकासका लागि रु ३ करोड ४४ लाख ५५ हजार बजेट विनियोजन गरेको छु ।कृषि विकास लागि कृषि ल्याव स्थापना गरी सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।घुम्ती प्लान्ट क्लिनिक तथा माटो परीक्षण शिविर सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।रासायनिक विषादी प्रयोग न्यूनीकरण अभियान र कृषकसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।मागमा आधारित पाइप लाइनिङ ,कुलो लाइनिङ र कृषि कार्यक्रमका लागि ७० लाख बजेट विनियोजन गरेको छु ।इको माडी प्रबर्धन र नवीनतम खेती प्रविधि प्रबर्धन तथा हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।स्वदेशी बिउको उपयोगलाई प्रोत्साहन गर्न रु १३ लाख ७५ हजार विनियोजन गरेको छु ।आ व २०८१।८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।प्रदेश सरकारको समन्वयमा स्थानीय कृषि बजारीकरणका लागि कृषि बजार स्थापना तथा सुदृढीकरण कार्यक्रमका लागि रु १ करोड ४५ लाख बजेटको व्यवस्था मिलाएको छु। आर्थिक विकासका लागि उन्नत तरकारी बाली तथा पशुधनको प्रबर्धन र प्रदर्शनीका लागि कृषि तथा पशु प्रदर्शनी कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।तरकारी तथा फलफूल खेती प्रबर्धन कार्यक्रमका

लागि रु ५० लाख बजेटको व्यवस्था मिलाएको छु ।किसानहरुको समस्या सम्बोधन गर्न कृषकसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१७. माडी नगरपालिकाको प्रथम पाँच वर्षीय रोजगार रणनीति योजना अनुसार नगरपालिका भित्र रोजगारीका अवसार सिर्जना गर्न उपलब्ध अवसरहरुमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्दै लैजान बजेट विनियोजन गरेको छु ।जसका लागि आन्तरिक तथा दिगो तथा उत्पादनशील रोजगारीमा जोड दिँदै व्यवसायी तथा सिपमूलक कार्यक्रमहरुमा बेरोजगारी युवाहरुलाई जोड्दै मूल प्रवाहीकरणमा लैजान बजेटको प्रबन्ध मिलाएको छु ।जसका लागि वित्तीय हस्तान्तरण र नगरको आन्तरिक स्रोत सहित रु ५५ लाख बजेट विनियोजन गरेको छु।प्रधानमन्त्री रोजगार कार्यक्रम ,लघु उद्यम विकास कार्यक्रम र वित्तीय साक्षरता एवम् मनोसामाजिक परामर्शका कार्यक्रमहरुलाइ रोजगार सेवा केन्द्र मार्फत् व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. संघीय सरकार समपुरक अनुदानमार्फत् एनसेल टावरबाट शिवद्वार दिवानगर राइटोल हुँदै कल्याणपुरसम्म बाटो कालोपत्रेका लागि रु ९० लाख र नगरपालिकाको स्रोतबाट रु १ करोड ३५ लाख गरी रु २ करोड २५ लाख बजेट व्यवस्था गरेको छु ।

यस नगरभित्रका सडक,पुल,कजवे, नाला आदिजस्ता पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु.२ करोड विनियोजन गरेको छु ।

१९. प्रदेश सरकारसँगको समन्वयमा समपुरक अनुदान शीर्षकमा सिधुवा चोकबाट ४ नम्बर वडा कार्यालय हुँदै वडा नं ५ जोड्ने बाटो तथा सिधुवा क्लबदेखि वडा नं २ पुग्ने सडक कालोपत्रे वडा नं ४ का लागि रु. १ करोड २० लाख, र गणेशकुञ्जदेखि गणेश आ वि सागबारी हुँदै वडा नं ८

बैकुण्ठधाम सम्म जाने सडक वडा नं ८ र ९ कालोपत्रेका लागि रु १ करोड २० लाख र नगरपालिकाको स्रोतबाट रु ३ करोड ६० लाख गरी जम्मा रु ६ करोड विनियोजन गरेको छ । र प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत देउजर खोला दक्षिण साइड केसी टोल सडक कालोपत्रेका लागि रु ४० लाख बजेटको व्यवस्था गरेको छ ।

२०. बैकुण्ठधाम घाँघर खोला झोलुङ्गेपुल निर्माण कार्यका लागि रु १६ लाख बजेट व्यवस्था मिलाएको छ ।

२१. सबै वडाका प्रशासनिक भवन सुविधासम्पन्न बनाउने नीतिलाई आत्मसात् गर्दै वडा नं ७ को वडा कार्यलय भवन यसै चालु आ व मा सम्पन भइसकेको छ । साथै चालु आ व मा निर्माणाधीन अवस्थामा रहेको ४ नं वडा कार्यालय भवन निर्माण सम्पन्न गर्न रु ६० लाख बजेट विनियोजन गरेको छ र वडा नं १ को भवन निर्माणका लागि नगरपालिकाको आन्तरिक स्रोत बाट रु ६० लाख र वडा को १० लाख गरी जम्मा रु ७० लाख बजेटको व्यवस्था गरेको छ ।

२२. नागरिकहरुको स्वास्थ्य अवस्था पहिचान गरी प्रबन्धनात्मक तथा उपचारात्मक सेवा व्यवस्थापन गर्न नगर हेल्थ प्रोफाइल तयार गरी स्वास्थ्य सुधारमा थप पहलकदमी लिइने छ ।जसका लागि रु ७ लाख बजेट विनियोजन गरेको छ ।सबै जनताको स्वास्थ्यमा पहुँच भन्ने नारा सहित गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न बघौडा अस्पताल र सेवा केन्द्रलाई थप सवलीकरण गरिने छ।बघौडा अस्पतालको पूर्वाधारतर्फ नगर मार्फत रु.३० लाख बिनियोजन गरेको छ | वडा नं १ को बरुवा( गर्दी) स्वास्थ्य चौकीको सुदृढीकरणका लागि रु १५ लाख , माडी आयुर्वेद औषधालय सुदृढीकरणका लागि रु १२ लाख विनियोजन गरिएको छ। हनुमानझुला शहरी स्वास्थ्यकेन्द्र सुदृढीकरणका लागि रु १५ लाख विनियोजन गरेको छ।एक विद्यालय एक

नर्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा कार्यक्रमलाई निरन्तरता दिन रु २९ लाख १० हजार बजेट व्यवस्था गरेको छु ।सरकारी स्वास्थ्य संस्था अन्तर्गत सञ्चालित ३ वटा सरकारी एम्बुलेन्सहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।स्वास्थ्य विमामार्फत् नागरिकहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि वडा कार्यालयहरुमार्फत् स्वास्थ्य विमामा आबद्ध गर्नका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु । स्वास्थ्य क्षेत्रमा कुल रु.५ करोड ४० लाख ४६ हजार व्यवस्था गरेको छु ।

२३. सामाजिक विकास तथा लैंगिक समावेशीकरणका लागि रु.५० लाख बजेटको व्यवस्था गरेको छु ।जस अन्तर्गत अपाङ्ग महिला बालबालिका तथा ज्येष्ठ नागरिक, लक्षित कार्यक्रमका लागि रु २० लाख,,दलित लक्षित कार्यक्रमका लागि रु १५ लाख र आदिवासी जनजाति लक्षित कार्यक्रमका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।लक्षित कार्यक्रम अन्तर्गत विपन्न दलित शौचालय निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।दलित समुदायका लागि कम्प्युटर तथा लोकसेवा सम्बन्धी कक्षा सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ ।जेष्ठ नागरिकहरुको सम्मानका लागि र संयुक्त परिवार सम्बर्धन तथा प्रबर्धन गर्न छोराछोरी बुहारी तथा उत्कृष्ट अभिभावक सम्मान कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।लैङ्गिक हिंसामा परेका वर्ग समुदायको उद्धार गर्नका लागि वडा नं ६ सेफ हाउस व्यवस्थापनलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

२४. पर्यटन माडी विकासको प्रमुख सम्भावना हो।थारु संस्कृति प्रबर्धनका लागि सिमरामा थारु संस्कृति झल्कने थारुग्राम सिमरा गेट निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु। त्यसैगरी माडी क्षेत्रभित्र रहेका महत्वपूर्ण पार्कहरुको संरक्षण र सम्बर्धन गर्नका लागि आवश्यक बजेट प्रबर्धन गरेको

छु ।आदिवासी जनजातिको अधुरो भवन निर्माणका लागि रु ८ लाख बजेट व्यवस्थापन गरेको छु ।इको माडी निर्माणका लागि विभिन्न स्थानहरुमा हरियाली पार्क निर्माण गर्न बजेटको प्रबन्ध मिलाएको छु। जडीबुटीको प्रबर्धन गरी आय आर्जनका लागि साथै पर्यटन विकासका लागि माडी ७ मा जडीबुटी पार्कका लागि रु १० लाख विनियोजन गरेको छु ।माडीको पर्यापर्यटन झल्कने वृत्तचित्र तथा भ्लगर सम्मेलन आयोजना गर्नका लागि आवश्यक बजेटको प्रबर्धन गरेको छु ।समग्र पर्यटन विकासका लागि नगरपालिकाको स्रोतबाट रु ७५ लाख बजेट विनियोजन गरेको छु ।

२५. विपद् जोखिम न्यूनिकरण, विपद् पूर्वतयारी, प्रतिकार्य तथा सम्भावित मानव वन्यजन्तु द्वन्द्व, आगलागी, बाढी, हावाहुरी लगायतको विपद् व्यवस्थापन तथा वातरण संरक्षण , हरित सडक कार्यक्रमका लागि रु ७५ लाख बजेट विनियोजन गरेको छु ।दमकलमा पानी भर्नका लागि पाइप स्टेन्ट जडानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।वडा नं ८ मा विपद् रेश्कु भवन निर्माण गरिने छ ।साथै विपद् खोज तथा उद्धार का लागि आवश्यक सामग्री खरिद गर्न बजेट विनियोजन गरेको छु ।बाँदरमुँढे खोलाको नियन्त्रण तथा तटबन्धनका लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ ।विपद् व्यवस्थापन कोषका लागि एकमुष्ट नगरपालिकाको स्रोतबाट रु ५० लाख बजेट विनियोजन गरेको छु ।वातावरणमैत्री वडा घोषणा तथा हरियाली कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. सुशासनको प्रत्याभूति दिलाउन, कर्मचारीको सीप र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ । नगरपालिकामा कार्यरत अस्थायी करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न रु ४५ लाख बजेट विनियोजन गरेको छु ।स्थायी कर्मचारीहरुको थप प्रोत्साहनका लागि रु ५५ लाख बजेट विनियोजन गरेको छु । नगरपालिका अन्तर्गतका समग्र

प्रशासनिक स्वास्थ्य तथा विद्यालयहरुमा डिजिटल हाजिरी अनिवार्य गर्न बजेटको प्रबन्ध मिलाएको छु । ।तथ्याङ्कमा आधारित विकासका लागि माडी नगरपालिकाको नगर पार्श्वचित्र निर्माण गर्न रु १४ लाख बजेट विनियोजन गरेको छु ।राजश्व सुधारका लागि कर दाता शिक्षा कार्यक्रम तथा राजश्व सुधार कार्य योजना तयार गरी पालिकाको आन्तरिक आम्दानी वृद्धिका लागि रु १० लाख विनियोजन गरेको छु ।भू वर्गीकरणको राष्ट्रिय नीतिलाई अवलम्बन गर्दै माडी नगरभित्रका जग्गाहरुको वैज्ञानिक किसिमबाट जग्गा वर्गीकरण गरी समृद्ध माडी बनाउन रु १२ लाख बजेट विनियोजन गरेको छु । समग्र प्रशासनिक तथा कार्यालय व्यवस्थापन खर्चका लागि कुल रु.१९ करोड ९५ लाख ३२ हजार ५ सय ४९ रुपैया ९७ पैसा विनियोजन गरेको छु ।

२७. अन्त्यमा, चालु आ.व.को हालसम्मको आय व्ययको विवरण ,आगामी आर्थिक वर्षको विषय क्षेत्रगत, आयोजनागत बजेटको अनुमानित विवरण समेटिएको वार्षिक योजना पुस्तिकामा समावेश गरिएको छ। प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनुहुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभावहरु, राजनीतिज्ञ लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी एवम् अहोरात्र खटिने कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद

खेम प्रसाद महतो

उप-प्रमुख